# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।१०।२४

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ सुर्खेत शाखाका सदस्य शेरबहादुर थापालाई समाचार संकलनका क्रममा दुर्व्यवहार गर्दै कुटपिट गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचार संकलनका क्रममा माघ २३ गते दैलेखको महावु गाउँपालिका पुगेका पत्रकार थापामाथि उक्त गाउँपालिकाका उपाध्यक्षका छोरा धुरव बुढाले बिनाकारण दुर्व्यवहार गर्दै कुटपिट गरेका थिए ।

नागरिकलाई सुसूचित गर्ने दायित्व निर्वाह गरिरहेका पत्रकारमाथि कुनै पनि बहानामा दुर्व्यवहार र कुटपिट हुनु प्रेस स्वतन्त्रताविरोधी कार्य हो । महासंघ प्रेसको संवैधानिक स्वतन्त्रतामाथि आघात पुर्‍याउने यो कार्यको कडा शब्दमा भर्त्सना गर्दछ । घटनामा संलग्न बुढालाई कानुनबमोजिम कारबाही गर्न र पत्रकारलाई स्वतन्त्र, सुरक्षित र निर्वाध रूपमा काम गर्ने वातावरण निर्माण गरी सुरक्षाको प्रत्याभूति दिलाउन महासंघ स्थानीय प्रशासनसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org